सत्यको लागि चुक्दैनौं
झुक्दैनौं हामी...

# प्रदेश समाचार

Pradeshsamachar Daily

दैनिक

बेटी पढाऔ, बेटी बचाउ
गौर नगरपालिका
गौर, रौतहट

बर्ष ३ अंक २५१ २०८२ जेष्ठ ०२ गते शुक्रवार मूल्य ५/- पृष्ठ सङ्ख्या ४


## दाइजोको कारण नवविवाहिता महिलाको हत्या

दिलीप पाण्डे रौतहट । रौतहट कटहरिया नगरपालिकामा एक युवतीको शंकास्पद मृत्यु भएको छ । विवाह भएको ६ महिनामै आफ्नै घरको कोठामा झुण्डिएको अवस्थामा फेला परेकी २१ वर्षीया सानिया प्रवीणको शंकास्पद मृत्यु भएको छ ।

सानियाको मृत्युपछि माइती पक्षले छोरीको हत्या योजनावद्ध रूपमा गरिएको आरोप लगाएका छन् । सानियाको विवाह करिब ६ महिनाअघि कटहरिया नगरपालिका-५ का अरमान राय भाटसँग मुस्लिम परम्परानुसार धुमधामसँग सम्पन्न भएको थियो । विवाहपछि नै दाइजोको माग र मानसिक र शारीरिक यातना सहनु परेको मृतककी आमा कायमा खातुन बताउँछिन् ।

अरमानले मोटरसाइकल र पैसा माग्दै छोरीलाई कुटपिट र मानसिक दबाब दिने गरेको खातुनले जनाएको छ । उनले भनिन्, 'छोरीले फोनमा धेरै पटक रुँदै दाइजो नपुगेको भन्दै ज्वाइँ र उनको परिवारले दुर्व्यवहार गरेको बताएकी थिइन् ।' गत आइतवार दिउँसो सानियाको शव आफ्नै घरको कोठामा



साडीको पासो लगाएर सिलिङ फ्यानमा झुण्डिएको अवस्थामा फेला परेको रौतहट प्रहरीले जनाएको छ । सो घटनाबारे सूचना पाएपछि इलाका प्रहरी कार्यालय कटहरिया र गरुडाबाट आएको संयुक्त प्रहरी टोलीले घटनास्थलको मुचुल्का तयार गरी शवलाई प्रादेशिक अस्पताल गौरमा पोष्टमार्टमका लागि पठाएको थियो । पोष्टमार्टमपछि मृतककी आमा कायमा खातुनले छोरीको शव बुझेर अन्त्येष्टि गरेकी छन् । घटनाप्रति शंका व्यक्त गर्दै उनले गरुडा प्रहरी कार्यालयमा जाहेरी दिएको जानकारी दिइएको छ । 'छोरीमाथि अत्याचार भयो । उनीहरूकै हातमा सानियाको ज्यान गयो', खातुनले पीडा पोख्दै भनिन्, 'हामी यो मुद्दामा निष्पक्ष छानबिन, दोषीमाथि कडा कारबाही र दाइजो हिंसाविरुद्ध सरकारको स्पष्ट सन्देश चाहन्छौँ ।' माइती पक्षले अरमान राय भाट र उनका परिवारका सदस्यहरूलाई पक्राउ गर्न माग गर्दै हत्या मुद्दामा कानुनी प्रक्रिया अघि बढाउन रौतहट प्रहरी समक्ष दबाब दिइरहेका छन् । इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डिएसपी राजन कार्कीले जनाए अनुसार अहिलेसम्म आधिकारिक जाहेरी दर्ता नभए पनि घटना शंकास्पद छ । उनले भने, ' अनुसन्धान जारी छ । प्रारम्भिक तथ्य संकलन भइरहेका छन्, पोष्टमार्टम रि

## नेपाली चेलीलाई दिल्ली स्थित वेश्यालय पुर्याउन

रौतहट । विभिन्न प्रलोभन देखाएर नेपाली चेलीलाई भारतको राजधानी दिल्ली स्थित वेश्यालय पुर्याउन खोज्ने एक युवकलाई भारतीय सीमा सुरक्षा बल एसएसबीले पक्राउ गरेको छ ।

रौतहटसँग सिमाना जोडिएको भारत बिहार मोतीहारी जिल्ला झरौखर थाना क्षेत्र अन्तर्गत जमुनिया स्थित एसएसबी क्याम्पको टोलीले गएराति उनीहरूलाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा बारा जिल्ला सिम्रौनगढ नगरपालिका १० देवापुर टेन्टा घर भएका २५ वर्षीय सुरज गुप्ता रहेको एसएसबी ७१ औं बटालियनका कमान्डेन्ट प्रफुल पटेलले बताए ।

सिम्रौनगढ नगरपालिका अमृतगन्ज घर भएकी पासवान थरकी २० वर्षीय विवाहित युवतीलाई भारत लैजान लागेका गुप्ताले पटक पटक बयान फेरेपछि कडाईका साथ सोधबुझ गर्दा युवतीलाई दिल्ली स्थित उनको सानीआमाले सञ्चालन गरेको



यौन व्यवसायमा लगाउने उद्देश्यले भारत लान लागेको स्वीकार गरेको एसएसबीले जानकारी दिएको छ ।

पछिल्लो समय रौतहट र बाराको विभिन्न गाउँबाट नेपाली चेलीलाई भारत पु¥याउने घटना बढिरहेकाले सीमाक्षेत्रमा कार्यरत नेपाली सुरक्षाकर्मीहरूले विशेष निगरानी गर्नुपर्ने एसाएसबीले सुझाव दिएको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डिएसपी दीपक कुमार रायले घटनाको पुष्टि गरेका छन्। पक्राउ परेका आरोपी युवा र युवतीको घर बारा जिल्लामा भएकाले थप अनुसन्धान तथा कारबाहीको लागि दुवैजना लाई बारा प्रहरीको जिम्मा लगाइएको प्रवक्ता तथा डिएसपी रायले जानकारी दिए ।


ईशनाथ नगरपालिका द्वारा
जनहितमा जारी सन्देश

१. होटल तथा घरहरुमा खाना बनाई सकेपछी राम्ररी आगो तथा ग्यास निभाउ ।
२. चुरोट सल्काई जथा भावि नफालौं ।
३. ग्यास चुलोको काम सकी सके पछी रेगुरेटर जहिले पनि बन्द गरौं ।
४. जथा भावि आगो नबालौं ।
५. आगो बालिसके पछी राम्ररी निभाउ।
६. पसल वा कोठा वन्द गर्दा जहिले पनि स्विच बन्द गरौं ।
७. पेट्रोलियम पदार्थ, तथा ग्यास सिलेन्डरको वरी परी आगो नबालौं ।
८. मछर धूप जथाभावि नवालौं सुरक्षित तरिकाले बालौ।
९. सलाई र लाईटर बच्चाहरुको पहुंच बाट टाढा राखौं ।
१०. आगो लागेको वेला लिफ्टको प्रयोग नगरी सिढी प्रयोग गरौं।

नन्द किशोर गुप्ता
प्रमुख प्रशासकीय अधिकृत

राजपुर नगरपालिका द्वारा
जनहितमा जारी सन्देश

१. हावाहुरीबाट बच्न घरको संरचना बलियो बनाऔं ।
२. हावाहुरी चल्न थालेपछि झ्याल ढोका बन्द गरौ ।
३. छतका गमला सुरक्षित रुपमा राखौ ।
४. जस्तापाता लगायतका वस्तुहरु खुला नछाडौ ।
५. सवारी साधनमा रहदा हावाहुरी चलेमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौ ।
६. हावाहुरीबाट हुने क्षति कम गर्न पुर्व तयारी एवं सतर्कता अपनाऔ ।

बैजु ठाकुर
प्रमुख प्रशासकीय अधिकृत

प्रकाशक :-दिलिप कुमार पाण्डेय
सम्पादक :-पुष्पराज यादव
कानुनी सल्लाहकार :-नन्दभुषण श्रीवास्तव
कार्यालय :- गौर नगरपालिका-७ रौतहट
कम्पयुटर सेटिंग :-राहुल पाण्डेय
मोवाईल नं. :- ९८५५०४४५३६,
इमेल :
pradeshsamachardainik@gmail.com
मुद्रक :- हेमा पब्लिकेशन गौर रौतहट

# मर्मतसम्भार शीघ्र पूरा गर्न वीर गञ्जवासीको माग

वीरगञ्जको प्रतिष्ठाको प्रतीक यहाँको घण्टाघरको केही भाग भत्किएको तीन महिना बित्न लागेको अब केही दिनमात्र बाँकी छ तर मर्मतसम्भार पूरा भएको छैन । गत फागुन ७ गते भत्किएको घण्टाघरको 'बाल्कोनी' मर्मतसम्भार चाँडोभन्दा चाँडो सम्पन्न गर्न वीरगञ्जवासीले माग गरेका छन् । वीरगञ्ज आउने स्वदेशी तथा विदेशी पर्यटकको मुख्य आर्कषण घण्टाघर घुम्टोमा छ । मर्मतसम्भारको नाममा यसलाई छोपिएको छ । यहाँ घुम्न आउने पर्यटक यस्तो दृश्यबाट खिन्न भएका छन् । वीरगञ्ज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्णले घण्टाघरको संरचना जीर्ण भएकाले पनि मर्मतसम्भारका लागि केही बढी समय लागेको जानकारी दिए । 'घण्टाघरको पुरानो संरचना भएकाले मर्मतसम्भारमा केही बढी समय लागेको हो', उनले भने, 'हामीले घण्टाघरको संरचना मर्मतसम्भार शीघ्र पूरा गर्न व्यवसायीलाई पनि ताकेता गरिरहेका छौँ ।' वीरगञ्ज महानगरपालिका पूर्वाधार महाशाखाका इञ्जिनियर गौरव झाले घण्टा घरको बाल्कोनीमा अकासे पानीको उचित निकास नहुँदा घामपानीले बाल्कोनीमा क्षति पुर्याएको जानकारी दिए । 'घामपानीले पनि घण्टाघरको बाल्कोनीमा 'क्र्याक' आइसकेको रहेछ । घण्टाघरमा उठाइएको पर्खालको इँटा पनि खस्न थालिसकेको रैछ', उनले भने, 'हामीले घण्टाघरको 'कोर बिल्डिङ' नभएर बाल्कोनीको छानालाई फुटाएर फेरि मर्मतसम्भारको काम अघि बढाइरहेका छौँ ।' इञ्जिनियर झाले घण्टाघरमा देखिएको समस्या पहिचान र लागत 'इष्टिमेट' तयार पार्नका लागि केही समय लागेको बताए । 'घण्टाघरमा भएको क्षतिको विवरण सङ्कलन र समस्या पहिचान गर्न पनि केही समय लाग्यो । त्यसपछि क्षतिपछि मर्मतसम्भारका लागि लागत इष्टिमेट तयार पार्न पनि केही समय लागेको नै हो', उनले भने, 'मर्मतसम्भारका लागि आवश्यक पर्ने 'स्काफोल्डिङ' बाँध्नका लागि पनि केही थप समय लाग्यो । उचाइमा भएको ठाउँमा काम गर्ने दक्ष प्राविधिक र जनशक्ति खोज्न पनि केही अप्ठ्यारो भएको थियो ।' इञ्जिनियर झाले अहिले घण्टाघरको मर्मतसम्भारका काम अघि बढिर हेको दाबी गरे । 'घण्टाघरको अहिले ५० देखि ६० फिटको उचाइमा काम भइरहेको छ', उनले भने, 'हामीले सोभन्दा मुनिको संरचनालाई पनि जोगाएर मर्मतसम्भारको काम गर्नुपरेको छ । माथि मेसिन वा द्रुतगतिमा काम गर्दा पनि तल्लो संरचनामा क्षति हुने सम्भावना उच्च भएकाले पनि काम ढिलो भएजस्तो देखिएको हो ।' इञ्जिनियर झाले घण्टाघर को मर्मतसम्भारको काम सक्न अझै डेढ महिनाभन्दा धेरै समय लाग्ने दाबी गरे । 'घण्टाघरको बाल्कोनीमा राखिएका छड खिया लागेर क्षति भएको छ', उनले भने, 'क्षति भएका छडलाई हटाएर नयाँ छड राखेर मर्मतसम्भार गर्न आवश्यक देखिएको छ ।' उनले भने, 'घण्टाघरको बाल्कोनीमा आकाशबाट खसेको पानीको उचित निकासको व्यवस्था नहुँदा पानी चुहिने समस्या देखिएको छ । सोको पनि उचित व्यवस्थापनको काम भइरहेको छ ।' महानगरले विगत डेढ महिनादेखि घण्टाघरमा स्काफोल्डिङ (खट बाँध्ने, टेका लगाउने) लगायतका काम गर ेको थियो । अर्कोतर्फ घण्टाघर क्षेत्रमा अत्यधिक सवारीसाधनको चाप हुने भएकाले पनि घण्टाघरलाई चारैतर्फबाट छोपेर काम भइरहेको छ । इञ्जिनियर झाले घण्टाघर मर्मतसम्भारको काम जटिल भएकाले पनि केही बढी समय लागेको बताए । घण्टाघर मर्मतसम्भार रु २० लाखको लागतमा निर्माण गर्न लागिएको हो । वीरगञ्ज महानगरले २०८२ असार १० गतेसम्म निर्माण सम्पन्न हुनेगरी ठेक्का लगाएको छ । वीरगञ्जको घण्टाघर सन् १९७९ फरबरी ८ तारिखमा तयार भएको बताइन्छ । त्यो बेला जापानको योनागो सहरका विद्यार्थीको एकदिनको खाजाको पैसा कटाएर घण्टाघर र त्यहाँ घडी राख्न आवश्यक बजेटको प्रबन्ध मिलाइएको स्थानीय ज्येष्ठ नागरि कहरुको कथन छ । गत चैत २७ गते नेपालका लागि जापानका राजदूत माएदा तोरु पनि वीरगञ्ज आउँदा घण्टाघर बारे चासो व्यक्त गरेका महानगरपालिकाका अधिकारीहरुले बताए ।

# रोशी खोलाको रौद्र रुप



२०४४ सालतिर कक्षा ८ मा पढ्दै गर्दा युगकवि सिद्धिचरण श्रेष्ठद्वारा रचित प्रख्यात 'ओखलढुङ्गा' कवितामा पहिलोचोटि रोशी खोलाको नाम सुनिएको थियो। त्यतिखेरको बालसुलभ मनमा युगकवि श्रेष्ठले रोशीलाई किन गिरि फोरी बहने नदीको रूपमा चित्रण गरे होलान् भन्ने लागिरहन्थ्यो। ओखलढुङ्गामा जन्मेका युगकवि पहिलोचोटि ओखलढुङ्गाबाट काठमाडौं आउँदै गर्दा उनी शायद रामेछाप जिल्ला भएर बग्ने तामाकोशी, सुनकोशी नदी तर्दै सुनकोशी तथा रोशी खोलाको दोभान दुम्जाको कुशेश्वर महादेवबाट रोशीको किनारैकिनार दाप्चा वा पनौती आइपुगेर धुलिखेल/बनेपाहुँदै राजधानी प्रवेश गरे होलान्। रोशी खोलाको किनारैकिनार अघि बढ्दै गर्दा उनको मनमस्तिष्कमा कोरिएको दायाँ-बायाँका अग्ला पहाड र तिनको खोंचबाट बग्ने रोशी खोलाको चित्रको आधारमा कविताका माथि उल्लिखित हरफहरू फुरे होलान् भन्ने मेरो अनुमान छ। रोशी खोला आसपासको क्षेत्र समयको लामो कालखण्ड सडक मार्गको पहुँचबाट दूर थियो। यो क्षेत्र दुर्गम अनि विकट क्षेत्रकै रूपमा रहिरह्यो। २०५० को दशकमा यही रोशी खोला किनार भएर बीपी राजमार्गको निर्माण शुरू भयो। धुलिखेलबाट भकुण्डेबेसी हुँदै नेपालथोकतिर लम्कने बीपी राजमार्गले भकुण्डेबेसीबाट अलिक तल झरेपछि रोशी खोलालाई पछ्याउन थाल्यो। यो पछ्याउने क्रम नेपालथोकसम्म पुग्दासम्म अनवरत रह्यो। स्कूल पढ्दा मेरो मनमस्तिष्कभित्र कोरिएको रोशी खोलाको तस्वीरले वास्तविक रोशी खोलाको तस्वीरसँग एकाकार हुने मौका भने २०६६ सालतिर पायो। कामको सिलसिलामा यही बीपी राजमार्ग हुँदै सिन्धुलीतिर यात्रा गर्दैथिएँ। त्यतिखेर सम्ममा यस राजमार्गको धुलिखेल-नेपालथोक खण्डको निर्माण करीब सम्पन्न भइसकेको अवस्था थियो। धुलिखेल-खुर्कोट सडकखण्ड भने निर्माणाधीन अवस्थामा थियो। राजमार्ग बनेसँगै रोशी खोला राजधानीसँग नजिकियो। पहिलो चोटि रोशी खोला किनारैकिनार दौडिएको बीपी राजमार्गको यात्रा गर्दा मनमा भने माथिको कविताका हरफहरू कुदिरहेका हुन्थे। आँखाहरू चाहिं नवनिर्मित राजमार्गका नवीनतम संरचना, रोशी खोला, यस आसपासका हरियालीपूर्ण सुन्दर फाँट, सडकछेउमा भेटिने साना-ठूला मनोरम बस्ती/बजार र दायाँ-बायाँका अग्ला पहाडहरूतिर हराइरहेका हुन्थे। रोशी खोला उपत्यका बीपी राजमार्ग मार्फत राजधानीसँग जोडिएपछि द्रुततर गतिमा आफ्नो आकार बढाइरहेको राजधानीले रोशी खोला किनार र यस आसपासमा उपलब्ध हुनसक्ने निर्माण सामग्रीमा आँखा लगाउन थाल्यो। किनकि राजधानीमा अभूतपूर्व बस्ती विस्तार र भवन निर्माण कार्य हुँदैथियो। निर्माण सामग्रीमाथिको बढ्दो चापसँगै पृथ्वी राजमार्ग मार्फत राजधानीसँग जोडिएका महेश खोला र त्रिशूली नदीमा भएका बालुवा, ढुङ्गा र ग्राभेलहरू भने यसअघि नै रित्तिने क्रम बढ्न थालेको थियो। २०६० को दशकमा अरनिको राजमार्गको पाँचखालसँग मेलम्ची सडक जोडिएपछि बालुवा, ग्राभेल, ढुङ्गाहरू ओसार्ने स्रोतविन्दुका रूपमा इन्द्रावती नदीका बगर पनि थपिए। २०६४ सालपछि धेरैचोटि बीपी राजमार्ग भएर यात्रा गरियो। यस क्रममा रोशी खोला र यस आसपासका क्षेत्रमा आएका परिवर्तनहरूसँग साक्षात्कार हुने मौका पाइयो। बीपी राजमार्गको निर्माण सम्पन्न भएसँगै यस क्षेत्रमा सवारी साधनको आवागमन बढ्दै गयो। एक-दुई पसल मात्र भएका सडक छेउछाउका बस्तीहरू बजारमा परिणत हुँदै गए। रोशी खोला र राजमार्ग आसपासका फाँटहरूमा घरहरू थपिन थाले। उता रोशी खोलाले भने आफ्नो मौलिकता गुमाउँदै गयो। अझै सम्झन्छु- पहिलो चोटि रोशी खोलाको किनारैकिनार यात्रा गर्दा खोलाको पानी कति कञ्चन, निर्मल र सफा थियो। रोशी खोलाको असला माछाले कुनै समय निकै प्रसिद्धि पाएको कुरा कतै पढेको थिएँ। राणा महाराजाहरूले दरबारमा रोशी खोलाको असला माछा झिकाउँथे रे! मेरो पछिल्लो यात्राहरूमा भने रोशी खोलाको पानी धमिलिंदै गएको देखें। खोला बगरमा भएका बालुवा, ग्राभेल र ढुङ्गाहरू निखिँदै जान थालेको देखें। खोला बगरमा उभिएका असंख्य टिपरहरूमा नदीबगर बाट बालुवा, ढुङ्गाहरू भरिरहेका दृश्यहरू सहज लाग्न थाले। बीपी राजमार्गमा बालुवा, ढुङ्गाको अत्यधिक भार बोकेका ती असंख्य टिपरहरू कुद्न थाले। नवनिर्मित सडक छिटै जीर्ण हुन थाल्यो। रोशी खोला किनार आसपासमा क्रसर उद्योगहरू स्थापना हुन थाले। जब रोशी बगरका ढुङ्गाहरू सकिन थाले, तिनले खोला आसपासका पहाडहरू खोस्रन, खोतल्न र कोपर्न थाले। शहर लाई लागेको निर्माणको भोक मार्न बलिदानी दिनुपर्ने बाध्यता यी खोला र पहाडहरूलाई आइलागेको थियो। कुनै कारणले बनेपा-धुलिखेल सडक बन्द भएको बखत एकचोटि पूर्वतिर जानुपर्ने बाध्यता आइलाग्यो। वैकल्पिक सडकका रूपमा लुभु-लाँकुरीभञ्ज्याङ-पनौतीको सडक प्रयोग गरियो। यो सडकमार्ग खोल्ने काम भर्खरै हुँदै थियो। माघ-फागुनतिर को समय। जब सडक लाँकुरीभञ्ज्याङबाट न्यालेभिर हुँदै पनौतीतिर ओरालो झर्न थाल्यो, दायाँ-बायाँ देखें- हरिया पहाडका बीच-बीचमा लुकेका बस्ती र तरेली परेका खेतबारीहरू। ती बस्तीमा छरिएका रातो, सेतो, पहेंलो माटोले लिपिएका र जस्तापाता वा स्लेटढुङ्गाले छाइएका घरहरू, अनि ती घरहरू र सूर्यको चम्किलो प्रकाशमा टल्किंदै गरेका दृश्य। बस्ती वरिपरिका पहेंला तोरीबारी र लहलहाउँदा गहुँबारीहरू। अलिक माथिको पहाडमा बताससँगै विस्तारै हल्लिरहेका सल्ला र धुपीका बोटहरू। अलिक तल्तिर खोला किनार आसपास आलु र गहुँखेती गरिएका फाँटहरू। अझ परको उत्तरको हिमाल र हिमाली हावाको गन्ध बोकेर गालामा ठोकिन आइपुगेको चिसो बतास। सोचें- निबन्धकार शंकर लामिछानेले यस्तै परिवेशमा 'अर्धमुदित नयन र डुब्न लागेको घाम' लेख लेखेका थिए होलान्। पछि पनि धेरैचोटि यस सडकमार्ग हुँदै यात्रा गरें। पनौतीको पुरानो बस्ती फेरिंदै र फैंलिदै गइरहेको थियो। सडक आसपास घरहरू थपिंदै गइरहेका थिए। अहिले त न्यालेभिर, मानेदोभान, कुशादेवी, पनौती र खोपासी, शंखुपाटी चौर र अलिक परको बल्थलीसम्मै बस्ती बसाउन सकिने स्थानहरू घरहरूले ढाकिंदै जान थालेका छन्। त्यसो त रोशी खोला किनारको आसपासमै रहेका खनालथोक, कटुञ्जेबेसी, फलामेसाँघु, नार्केबजार, मंगलटार, माम्ती र नेपालथोकका साना-ठूला फाँटहरूमा समेत घरहरू थपिने क्रम बढ्दो छ। २०५० सालपछि गाउँ-गाउँसम्म पुग्ने सडकहरू खनिन थाले। यो अभियानबाट रोशी उपत्यकाका ग्रामीण बस्तीहरू पनि अछुतो रहन सकेनन्। तत्कालीन गाविस, जिविसका सीमित बजेटबाट ग्रामीण सडकहरू बनाइए। जसोतसो सडकमार्ग त खोलिए, तर बजेटको सीमितताले गर्दा हो कि वा प्राविधिक ज्ञानको कमीले हो कि वा लापरवाहीले हो, सडक छेउछाउमा उपयुक्त नालीहरू बनाउने, काटिएका सडक भित्ताहरूमा जैविक इञ्जिनियरिङ लगायत भूसंरक्षण कार्यहरू गर्ने विषयले पर्याप्त प्राथमिकता पाउन सकेनन्। सडक खन्दा निस्किएको माटो पनि सही ढङ्गले व्यवस्थापन गरिएन। अप्राविधिक सडक निर्माणले गर्दा हुने भूस्खलन र गेग्रान बहावको अन्तिम भार बोक्ने जिम्मेवारी भने यही रोशी खोलाको थियो। सडकहरू पहाडभरि छरिएका बस्ती र घर हरूसम्म पुग्न थाले, भलै ती कच्ची नै किन नहुन्, हिउँदमा मात्र चल्न सक्ने नै किन नहुन्। ती सडक पुगेसँगै ग्रामीण बस्तीहरूमा अडिएर ग्रामीण अर्थतन्त्र उकास्न योगदान गर्नुपर्ने मानिसहरू भने शहरबजार र राजधानीसम्मको बढ्दो सहज पहुँचसँगै कोही वैदेशिक रोजगारीतिर लाग्न थाले। कोही राजधानी र शहरबजारतिरै हराउँदो र राजधानीसँगको सहज पहुँच । सुविधाको खोजीमा लागिरहने मानिसका लागि पुर्खाले दिनरात हिंड्ने पहाडको उकालोओरालो असहज लाग्न थाल्यो। राजधानी र शहरबजारसम्म सर्न नसक्नेहरू पहाडी बस्तीबाट तल खोला किनारका फाँटहरूमा बसाइँ सर्न लोभिए, जहाँ सहज यातायात सुविधा उपलब्ध हुन सक्थ्यो। बेसीमा खेतीपाती गर्न सहज हुन्थ्यो। छोराछोरीलाई बजारतिर खुलेका निजी स्कूल पुऱ्याउन र औषधीमूलो गर्नुपरेमा स्वास्थ्य केन्द्रहरूसम्म पुग्न पनि बढी सहज हुन्थ्यो। खोला छेउका विस्तारै साँघुरा फाँटहरू घरहरूले भरिन थाले, चाहे त्यो बेथानचोकको ढुङ्खर्क र गणेशथान (चलाल) किन नहोस्, चाहे त्यो पनौतीको कलाँती, भूमेडाँडा किन नहोस्। खोला किनारसम्म यसरी घर थप्दै जाने प्रवृत्ति यी बस्तीहरूमा मात्र सीमित रहेनन्, पनौती र खोपासीको ठूला बजार र बस्ती क्षेत्रमा समेत देखिन थाले। बस्ती विस्तारको अतिक्रमणमा नदी उकास क्षेत्रहरू समेत पर्न थाले। त्यसो त पनौती, खोपासी, धुलिखेल र बनेपाका समथर फाँट र भिरालो जग्गाहरूमा जग्गा एकीकरण आयोजनाहरू समेत सञ्चालित हुन थालेका छन्। पहाडमा छरिएर रहेका बस्तीहरूमा मानिस पातलिन थाले। तीमध्ये कोही तल नदी किनारका बेसीतिर झरे, कोही शहरबजारतिर छिरे। पहाडका ग्रामीण बस्तीहरू विरानो बन्दै गए। ग्रामीण क्षेत्रमा भेटिने पानीको मूल, खोला, वन आदि प्राकृतिक स्रोत संरक्षणका परम्परागत अभ्यासहरू मासिंदै र हराउँदै जान थाले। विशेषगरी २०५० को दशकपछि स्थापना भएका थुप्रै सामुदायिक वन उपभोक्ता समूहहरूको सक्रियतालाई समेत जनसंख्याको यो बढ्दो बसाइँसराइ र जीवनयापनको बदलिंदो प्रवृत्तिले प्रभावित पार्न थाल्यो। कतिपय सामुदायिक वन उपभोक्ता समूहहरूलाई झाडी फँडानी लगायत वन व्यवस्थापनसँग सम्बन्धित गतिविधिहरूलाई नियमित रूपमा सञ्चालन गर्न वन उपभोक्ताहरूलाई पर्याप्त परिचालन गर्न कठिन हुन थाल्यो। पुराना, सुकेका र धोद्रा रूखहरू वनबाट समयमै हटाउन सकिएनन्। यसको परिणामस्वरुप देशका अन्य भूभागमा जस्तै रोशी उपत्यकामा रहेका वनक्षेत्रमा पनि डढेलोका घटनाहरू सामान्य बन्न थाले। वन डढेलोले भूस्खलन बढाउन मद्दत गऱ्यो। भूस्खलनले रोशीको बाढीमा लेदो र गेग्रान बढायो। नदी कटान भयो, बहाव धार परिवर्तन भयो। त्यसको वितण्डामा नदी छेउका बस्ती, खेतबारीहरू परे। फुल्चोकी डाँडाको टुप्पोदेखि नेपालथोक नजिकको कुशेश्वर महादेवको मन्दिर नजिकैसम्म बग्ने रोशी खोला सुनकोशी नदीमा गएर मिसिन्छ। सुनकोशी नदी सप्तकोशीमा गएर मिसिन्छ। मूलतः काभ्रे जिल्ला भएर बग्ने ५५.६५ कि.मी लामो रोशी खोलाले सिन्धुली जिल्लालाई पनि अलिकति छुन्छ। रोशी नदीको जलाधार क्षेत्र ५६३ वर्ग कि.मी. रहेको छ। सन् २०१६ मा तयार पारिएको एक प्रतिवेदन अनुसार वनक्षेत्र ४७.६६ प्रतिशत, कृषिक्षेत्र ४४.६८ प्रतिशत र बाँकी भूभागमा बस्ती क्षेत्र रहेको छ। पनौती, बनेपा र धुलिखेल नमोबुद्ध नगर पालिकाका घना बस्ती क्षेत्रहरू रोशी खोलाकै जलाधार क्षेत्रमा पर्दछन्। एकातिर रोशी र यसका सहायक खोलाहरूले यी शहरहरूको पानीको प्यास मेटाउने काम गरेको छ। अर्कातिर यिनै शहरबजार र बस्तीबाट उत्सर्जित फोहोरहरूले रोशी र यसका सहायक खोलाहरूलाई प्रदूषित पार्ने काम पनि गरिराखेको छ। २०२२ सालमा रूसी सहायतामा रोशी खोलाको पानीलाई उपयोग गर्ने गरी निर्माण गरिएको २.४ मेगावाट क्षमताको पनौती जलविद्युत् आयोजना नेपालकै सबभन्दा पुरानो जलविद्युत् आयोजनामध्ये पर्छ। रोशी खोला र यसका सहायक खोलाहरूबाट लगिएका कुलाहरूबाट काभ्रेको सयौं हेक्टर कृषिभूमिले सिञ्चित हुन पाएको छ। ठाउँठाउँमा पानीघट्टहरू सञ्चालित छन्। खोला छेउछाउमा थुप्रै घाटहरू छन्। पनौती शहर, रोशी खोलाकै किनारमा बसेको एक ऐतिहासिक बस्ती हो,

# चेक बाउन्सको मिलापत्रबारे सरकारी वकीललाई महान्यायाधिवक्ता

काठमाडौँ । चेक बाउन्सको मिलापत्रका लागि सरकारी वकीललाई महान्यायाधिवक्ता कार्यालयको सर्कुलर गरेको छ ।

महान्यायाधिवक्ता कार्यालयले सबै जिल्ला तथा उच्च सरकारी वकील कार्यालयलाई यस्तो परिपत्र गरेको हो । यस अनुसार चेक अनादरसम्बन्धी कसुरको मिलापत्रका लागि अन्य फौजदारी कसुर भन्दा छुट्टै व्यवस्था गर्न भनिएको छ ।

यस अनुसार चेक अनादर भएको मुद्दामा चेक लिने र दिने व्यक्ति मिलापत्र भई बाउन्स भएको चेकमा दाबी नरहेको जिकीर गरी मिलापत्र गर्न चाहेमा गरेर प्रहरी कार्यालयमा निवेदन दिनुपर्ने उल्लेख गरिएको छ ।
यसरी निवेदन दिएमा निवेदन प्राप्त भएकै दिन त्यस्तो प्रतिवेदन सम्बन्धित सरकारी वकील कार्यालयमा पेस गर्ने त्यस्तो मुद्दाको अभियोजन नगर्ने निर्णय गर्न निर्देशन दिइएको छ ।

साथै मिलापत्र गरिएका त्यस्ता चेकका कारणले कोही व्यक्ति थुनामा रहेछ भने त्यो अवस्थामा तत्काल थुनामुक्त गर्न सम्बन्धित अनुसन्धान अधिकारीलाई निर्देशन दिन भनिएको छ ।

यद्यपि मिलापत्र गरेर दाबी नरहको नभनिएका कसुरउपर अभियोजन अघि बढाउन यो निर्देशनले बाधा नपर्ने तथा चेक अनादर बाहेकको हकमा यसअघिकै व्यवस्थालाई निरन्तरता दिनसमेत महान्यायायधिवक्ता कार्यालयले दिएको निर्देशनमा उल्लेख छ ।

# विश्व सम्पदा सूचीमा समाविष्ट हुनका लागि प्रयासरत

जुन अहिले विश्व सम्पदा सूचीमा समाविष्ट हुनका लागि प्रयासरत छ। पनौती मास्तिर रहेका चलाल गणेश, कलाँतीतिर होस् वा बीपी राजमार्गमा होस् वा रोशी खोलाका बगरतिर होस् वा यसका सहायक खोलाहरूमा होस्, त्यहाँ प्रत्येक दिन सयौं टिपरहरू दौडिरहन्छन्। तिनले खोला बगर र तिनका मुहान क्षेत्रबाट निकालिएका ढुंगा, गिटीहरूको ओसारपसार गर्छन्, अपार व्यापार गर्छन्। वातावरण संरक्षणको मूल्यमा चाँदीकटाइ भइरहेको छ। रोशी खोलाको उत्पत्तिका बारेमा एक रोचक पौराणिक कथा समेत रहेछ। पनौतीमा ऊबेला पानीको अभाव रहेछ, खेतीयोग्य जमीन भएर के गर्नु ? ऊबेलाका पनौतीका राजा फुल्चोकी मन्दिरमा पूजा गर्न गएछन्, संयोग कस्तो भने पाटनका राजा पनि पूजाकै लागि आएका रहेछन्। देवीले शर्त राखिछन्- जसले मलाई सुन-चाँदीको फूल चढाउँछ, म उसैलाई पानी दिन्छु। पनौतीका राजाले बाटोमा पहेंलपुर फुलेको रायो देखे, सेताम्ये फुलेको मूला देखे। मेरा लागि सुन-चाँदी यिनै हुन् भन्दै उनले देवीका पाउमा श्रद्धा-भक्तिपूर्वक ती फूल टिपेर चढाएछन्। देवी प्रसन्न भई पनौतीका फाँटहरूका लागि पानीको सुनिश्चितता गरिदिइछन्, जुन पानीको स्रोत रोशी खोला भएर चिनियो। उता पाटनका राजाको श्रद्धा र भक्तिभावबाट प्रसन्न भएर पश्चिमी पाखोमा चाहिं गोदावरी नदी उत्पन्न गराइदिछन्। पनौतीमा खेतीयोग्य जमिन धेरै भएकाले त्यता दुई भाग पानी छाडिने भएछ, पाटनमा खेतीयोग्य जमिन कम भएकाले एक भाग पानी छाडिने व्यवस्था भएछ। जे होस्, इतिहास खोतल्ने हो भने पनौती, बनेपा, धुलिखेल खोपासी जस्ता बस्तीहरू १२औं शताब्दीको अन्त्यतिर लिच्छविकालमै बसेका र मल्लकालमा थप समृद्ध बनेका रहेछन्। पनौती, बनेपा र धुलिखेल शहरहरूले सांस्कृतिक रूपमा मात्र होइन, व्यापारिक रूपमा समेत प्रसिद्धि कमाए। विशेषगरी पनौतीका इन्द्रेश्वर महादेव, ब्रह्मायणी, कृष्णमन्दिर तथा उन्मत्त भैरव, अष्टमात्रिका लगायत धेरै देवीदेवताका मठ-मन्दिरहरूले काठमाडौं उपत्यकाकै सांस्कृतिक सम्पदाहरूको समकक्षी वा प्रतिस्पर्धी रहेको प्रमाण दिन्छन्। पनौतीको यी ऐतिहासिक, पारम्परिक र मौलिक सम्पदाहरूको विकास हुने काम यसै

# 'सगरमाथा संवाद' कार्यक्रमको प्रभावकारितामाथि प्रश्न उठेको छ : प्रभु साह

काठमाडौँ । आम जनता पार्टी (आजपा) का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले 'सगरमाथा संवाद' कार्यक्रमको प्रभावकारिता माथि प्रश्न उठाएका छन् । कुनै पनि देशको राष्ट्रप्रमुख, सरकार प्रमुख र विदेशमन्त्रीहरुको सहभागिता नहुने निश्चित भएको सगरमाथा संवाद कार्यक्रमको गरिमामा नै प्रश्न उठेको उनले बताए । प्रतिनिधिसभाको बिहीबार बसेको बैठकमा उनले भोलिदेखि सुरु हुने सगरमाथा संवाद कार्यक्रम सुरु नहुँदै त्यसको प्रभावकारितामाथि प्रश्न उठ्न थालेको बताए । विश्वस्तरबाट उच्चस्तरीय सहभागिता हुने भनिए पनि हाम्रै छिमेकी भारत र चीनबाट समेत उच्चस्तरको सहभागिता नहुने देखिएको बताउँदै उनले त्यसलाई छोट्ट्याउन सरकारको ध्यानाकर्षण गराए । 'सम्माननीय सभामुख महोदय, भोलिदेखी सगरमाथा संवाद सुरु हुँदैछ, तर संवाद सुरु नहुँदै त्यस कार्यक्रमको प्रभावकारितामाथि प्रश्न उठ्न थालेको छ । विश्वस्तरबाट उच्चस्तरीय सहभागिता हुने भनिएको यस कार्यक्रममा अहिलेसम्म कुनै देशको राष्ट्रप्रमुख वा सरकार प्रमुख वा विदेशमन्त्री कुनै पनि देशको उच्चस्तरीय सहभागिता देखिएको छैन,' आजपा अध्यक्ष साहले भने, 'यो कार्यक्रम मानव जातिको भविष्य सुनिश्चितता, यो पृथ्वीको भविष्य सुनिश्चितता लागि र जलवायु परिवर्तनबाट हुने जोखिमबाट न्यूनीकरण गर्नका लागि एउटा महान् उद्देश्यबाट यदि गरिएको हो भने ती सम्बन्धित सरोकारवाला देशलाई पनि यो विषयमा बुझाउन सक्नुपर्दथ्यो, तर आज हामी हेरिरहेका छौं ती देशबाट सहभागिताको सुनिश्चितताको कुरा छैन । समुन्द्रपारिको त कुरा छोडिदिनुहोस्, हाम्रो छिमेकी देशको पनि उच्चस्तरको सहभागिता छैन । न त भारतको उच्चस्तरको सहभागिता देखिन्छ, न त चीनकै देखिन्छ । यतिसम्म कि संयुक्त राष्ट्रसङ्घका महासचिवको समेत उपस्थिति नहुने भएको छ ।' सगरमाथा संवाद कार्यक्रममा तीन सय जना सहभागिता हुने भनिएकोमा अहिले झन्डै एक सय ५० जना सहभागिता हुने भन्ने सुनिएको उनले बताए । त्यसमा पनि काठमाडौंस्थित् नियोगका प्रमुख र दाता निकायका प्रमुखहरुको सहभागीहरूको सङ्ख्या जोडेर भनिएकोले यो कार्यक्रमको औचित्यमाथि गम्भीर प्रश्न उठेको साहले बताए । आजपा अध्यक्ष साहले सगरमाथा संवाद कार्यक्रमको लागि कार्यक्रम मात्रै हो कि परिणामको लागि कार्यक्रम भनेर सरकारसँग प्रश्न गरेका छन् । सगरमाथा संवाद कुनै हतारमा तयार गरिएको कार्यक्रम नभएर विगत ६ वर्षदेखि गम्भीरताका साथ तयार गरिएको कार्यक्रम भएको साहले स्मरण गराए । 'यदि हामीले महान् लक्ष्यका साथ कार्यक्रम गर्न लागेका थियौं भने अरू देशका नेतृत्वलाई किन कन्भिन्स गर्न सकिएन ? यो सगरमाथा संवादमा हुने सहभागीहरूको उपस्थितिले हाम्रो देशको गौरवमाथि प्रश्न उठेको छ । हाम्रो विश्वसनीयतामाथि प्रश्न उठेको छ । यदि ती देशहरू यो मुद्दामा गम्भीर छैनन् भने पनि त्यो गम्भीर विषय हो, यदि हाम्रो नेतृत्वलाई ती देशले पत्याएनन् भने पनि यो पनि अर्को गम्भीर प्रश्न हो । यसले हाम्रो कुटनीतिक क्षेत्रलाई पनि अभिव्यक्त गर्दछ । हाम्रो कुटनीति कति फितलो रहेछ भनेर देखियो । यो त ठुलो अवसर थियो कि देशको कुटनीतिको पनि स्तर उठाउने, तर आज नेतृत्वको भूमिका र अविश्वसनीयताको कारणले आज यो सगरमाथा कार्यक्रम प्रभावहीन भयो । म आग्रह गर्न चाहन्छु-यो सगरमाथा कार्यक्रम छोट्याउनुहोस, पैसा खर्च गर्न, देशको हुर्मत लिन कसैलाई छुट छैन' आजपा अध्यक्ष साहले भने । यस्तै उनले प्रधानमन्त्री केपी शर्मा ओली र परराष्ट्रमन्त्री डा. आरजु राणाको टकराबले गैरआवसीय नेपालीहरुको साझा संस्था एनआरएनए विभाजित गरिएको भन्दै आलोचना गरे । 'एनआरएनएको एउटा समूहलाई प्रधानमन्त्रीले च्यापेर हिँडिरहनुभएको छ, अर्को समूहलाई परराष्ट्रमन्त्रीले च्यापेर हिँड्नुभएको छ । तपाईंहरु कुर्सीमा बस्दा मिलेर बस्ने, मिलेर देशलाई लिड गर्नुभएको छ कि लुट्नुभएको छ, त्यो गर्ने ? तर एनआरएनएलाई तपाईंहरुले दुई चिरा बनाइदिनुभयो,' आजपा अध्यक्ष साहले भने, 'विदेशमा भएका नेपालीहरूलाई विभाजित गरिदिने र उनीहरूलाई दुःखी बनाउने, अनि तपाईंहरु मजाले कुर्सीमा बसेर मजाले एकताबद्ध छौं भनेर देखाइरहने ? यदि तपाईंहरूमा मेल छैन भने दुनियाँलाई बताउनुहोस्, यदि मेल छ भने एनआरएनए किन फुटाउनुभयो भनेर प्रश्न गर्न चाहन्छु । तपाईंहरूको अभिभावकीय भूमिका हुनुपर्दैन ? तपाईंहरुले जोड्ने हो कि फोड्ने ?' प्रधानमन्त्री र परराष्ट्रमन्त्रीको नेतृत्वको क्षमतामाथि नै प्रश्न उठाउँदै उनले देशको हुर्मत लिने काम कोही कसैले नपाउने बताए । साथै उनले नेतृत्वको कुशलता देखाउन बताए ।


## परोहा नगरपालिका द्वारा जनहितमा जारी सन्देश

१. होटल तथा घरहरुमा खाना बनाई सकेपछी राम्ररी आगो तथा ग्यास निभाउ ।
२. चुरोट सल्काई जथा भावि नफालौं ।
३. ग्यास चुलोको काम सकी सके पछी रेगुरेटर जहिले पनि बन्द गरौं ।
४. जथा भावि आगो नबालौं ।
५. आगो बालिसके पछी राम्ररी निभाउ।
६. पसल वा कोठा वन्द गर्दा जहिले पनि स्विच बन्द गरौं ।
७. पेट्रोलियम पदार्थ, तथा ग्यास सिलेन्डरको वरी परी आगो नबालौं ।
८. मछर धूप जथाभावि नवालौं सुरक्षित तरिकाले बालौ।
९. सलाई र लाईटर बच्चाहरुको पहुंच बाट टाढा राखौं ।
१०. आगो लागेको वेला लिफ्टको प्रयोग नगरी सिढी प्रयोग गरौं।

शेख वकिल
नगर प्रमुख

## बौधीमाई नगरपालिका द्वारा जनहितमा जारी सन्देश

१. हावाहुरीबाट बच्न घरको संरचना बलियो बनाऔं ।
२. हावाहुरी चल्न थालेपछि झ्याल ढोका बन्द गरौ ।
३. छतका गमला सुरक्षित रुपमा राखौ ।
४. जस्तापाता लगायतका वस्तुहरु खुला नछाडौ ।
५. सवारी साधनमा रहदा हावाहुरी चलेमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौ ।
६. हावाहुरीबाट हुने क्षति कम गर्न पुर्व तयारी एवं सतर्कता अपनाऔ ।

प्रदिप यादब
नगर प्रमुख

# एउटै राजनीतिक दलले पाँच वर्ष मुलुकको नेतृत्व गर्न मिल्ने आधार तयार पारौँ : महासचिव पोखरेल

काठमाडौँ। नेकपा एमालेका महासचिव शंकर पोखरेलले एउटै राजनीतिक दलले पाँच वर्ष मुलुकको नेतृत्व गर्न मिल्ने आधार तयार गर्न आवश्यक रहेको बताएका छन् । काठमाडौँमा नेकपा एमालेले बुधबार आयोजना गरेको नेपालको वर्तमान आर्थिक अवस्था र आगामी बजेटको सन्दर्भमा राजनीतिक पार्टीले लिनुपर्ने पहलकदमी सम्बन्धमा निजी क्षेत्रका व्यवसायीहरूसँगको अन्तरक्रिया कार्यक्रममा बोल्दै पोखरेलले मुलुकमा बलियो राज्यको सरकारको निर्माण नभएसम्म सुधारको प्रक्रिया कमजोर हुने बताएका हुन्। उनले बलियो निर्णायक राष्ट्रिय शक्ति निर्माण गर्न जरुरी रहेको जिकिर गरे । आगामी निर्वाचनमा मिलीजुली सरकार नभई एउटै राजनीतिक दलले पाँच वर्ष नै सरकार चलाउने खालको आधार तयार गर्नुपर्ने उनको भनाई थियो। महासचिव पोखरेलले भने, 'जबसम्म मुलुकमा एउटा बलियो राज्यको निर्माण हुँदैन, सुधारको प्रक्रिया कमजोर हुन्छ भन्ने अर्थमा हामीले बलियो निर्णायक राष्ट्रिय शक्ति निर्माण गर्ने कुरा। यो मिलीजुली सरकार होइन। बलियो सरकार निर्माण गर्ने दिशातर्फ मुलुकलाई लैजानुपर्छ भन्ने अर्थमा दुई वटा पार्टी मिलेर आउने चुनाव एमाले वा काँग्रेसले जिते पनि, ोकेसीलाई लोभी बनाउने काम र ाजनीतिक दल र निजी क्षेत्र नै रहेको बताए। उनले भने, 'त्यस अर्थमा सुधारको विषय तपाईंहरुको पनि संकल्प बन्नुपर्छ । माग गरेर मात्रै हुँदैन । वातावरण तयार गर्ने कुरा पनि त्यत्तिकै जरुरी छ। प्रशासनिक झमेला र सुधारको सन्दर्भको कुरा छ। नेपालमा हरेक क्षेत्रले बेहोरिरहेको समस्या हो यो। नेपालको ब्युरोकेसीलाई लोभी कसले बनायो भन्दा तपाईं हामीले बनाएका छौँ। अर्कोतिर इमानदार भनिएकाहरू कस्ता छन् भने कामै नगरी बिताउने खालका छन् । भ्रष्टहरूले कति भ्रष्टाचार गर्छन् होला भन्दा लगानीको १५ प्रतिशतसम्म आर्जन गर्दछन् होला । नोक्सान पुऱ्याउँछन् होला । तर विलम्ब गर्नेले शतप्रतिशत नोक्सान पुऱ्याउँछ । अर्थात् लागत दुई गुणा वृद्धि गर्दिन्छ ।'

# गैरआवासीय नागरिकतासम्बन्धी ऐन संशोधन गर्ने प्रमुख दलको प्रतिबद्धता

काठमाडौं। प्रमुख दलका नेताहरुले गैर आवासीय नागरिकतासम्बन्धी ऐन संशोधन गर्ने प्रतिबद्धता जनाएका छन् । गैर आवासीय नेपाली संघ (एनआरएनए) अन्तर्राष्ट्रिय समन्वय परिषद्ले 'एनआरएनएको अधिकार, राष्ट्र समृद्धिको आधार' नारासहित बुधबार काठमाडौंमा आयोजना गरेको एनआरएनए ग्लोबल कन्क्लेभ २०२५ को गैरआवासीय नेपाली नागरिकता, एनआरएन ऐन र पीएनओहरुका मुद्दा सत्रलाई सम्बोधन गर्दै संविधानमा उल्लेखित अधिकार कार्यान्वयनका लागि ऐन संशोधन गर्ने प्रतिबद्धता जनाएका हुन्। प्रमुख सत्तारुढ एमाले मुख्य सचेतक महेश बर्तौलाले संविधानले सामाजिक, सांस्कृतिक र आर्थिक अधिकार गैरआवासीय नेपालीले उपयोग गर्न पाउने भनेको तर कार्यान्वयनका क्रममा प्रशासनिक दृष्टिकोणबाट झमेला भएको र सहजीकरण नभएको सत्य कुरा भएको बताए। 'मालपोतमा जग्गा खरिद गर्दा गैर आवासीय नागरिकताबाट काम होस्। भएन भने त आर्थिक अधिकार भएन। कार्यान्वयनमा जटिलता आयो । अब परराष्ट्रले गैरआवासीय नागरिकतासम्बन्धी ऐन संशोधनको ड्राफ्ट गर्दैछ । संविधानअनुसार कार्यान्वयन हुनेगरी काम गर्छौं । अहिलेका असजिलोहरु सम्बोधन गर्नेगरी आउँछ । नभए पनि संसदबाट अधिकतम हित कसरी गर्न सकिन्छ गर्छौं। समृद्ध नेपाल सुखी नेपालीको आकांक्षा पूरा गर्न, प्रवासी नेपालीलाई आकर्षित गर्न भूमिका खेल्छौं । संविधानको स्पिरिटलाई कार्यान्वयन हुनेगरी प्रभावकारी भूमिका खेल्नेछौं,' उनले भने। बर्तौलाले नीति तथा कार्यक्रममा सरकारले गैरआवासीय नेपालीको पहिचानलाई सम्मान गर्ने र जोड्ने प्रतिबद्धता गरेका बेला संघभित्र विवाद हुनु विभाजन भएको सन्देश जानु दुखद भएको बताए। प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समिति सभापति रामहरि खतिवडाले बाहिरबाट आउने नेपालीलाई प्रक्रियागत झन्झटका नाममा रोक्न नहुने बताए । 'विदेश गएका बच्चाहरु फर्केर आउने वातावरण बनाउनेभन्दा बुवाआमा पनि उतै लाने प्रवृत्ति बढिरहेको छ,' उनले भने, 'बाहिर जाने नेपालीलाई आर्कषित गर्ने वातावरण बनाउ। बाहिर जाने अन्त्य गरौ । त्यसको लागि कहाँ कहाँ कानुन संशोधन गर्नुपर्छ हामी तयार छौं। नेपाली नागरिक नेपालमा आएर बस्छु भन्दा किन यत्रो झन्झट ? सबै मिलेर हटाउ । संशोधन गरौ । संविधान संशोधन गर्नुपर्छ गरौं । एउटा नेपाली फर्किन्छु भन्छ भने नागरिकता खै नभनौ । वातावरण बनाउ।'


## कटहरिया नगरपालिका द्वारा जनहितमा जारी सन्देश

१. होटल तथा घरहरुमा खाना बनाई सकेपछी राम्ररी आगो तथा ग्यास निभाउ ।
२. चुरोट सल्काई जथा भावि नफालौं ।
३. ग्यास चुलोको काम सकी सके पछी रेगुरेटर जहिले पनि बन्द गरौं ।
४. जथा भावि आगो नबालौं ।
५. आगो बालिसके पछी राम्ररी निभाउ।
६. पसल वा कोठा वन्द गर्दा जहिले पनि स्विच बन्द गरौं ।
७. पेट्रोलियम पदार्थ, तथा ग्यास सिलेन्डरको वरी परी आगो नबालौं ।
८. मछर धूप जथाभावि नवालौं सुरक्षित तरिकाले बालौ।
९. सलाई र लाईटर बच्चाहरुको पहुंच बाट टाढा राखौं ।
१०. आगो लागेको वेला लिफ्टको प्रयोग नगरी सिढी प्रयोग गरौं।

अजय प्रकाश जयसवाल
नगर प्रमुख

## फतुवा बिजयपुर नगरपालिका द्वारा जनहितमा जारी सन्देश

१. हावाहुरीबाट बच्न घरको संरचना बलियो बनाऔं ।
२. हावाहुरी चल्न थालेपछि झ्याल ढोका बन्द गरौ ।
३. छतका गमला सुरक्षित रुपमा राखौ ।
४. जस्तापाता लगायतका वस्तुहरु खुला नछाडौ ।
५. सवारी साधनमा रहदा हावाहुरी चलेमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौ ।
६. हावाहुरीबाट हुने क्षति कम गर्न पुर्व तयारी एवं सतर्कता अपनाऔ ।

भरत प्रसाद यादव
प्रमुख प्रशासकीय अधिकृत

## मौलापुर नगरपालिका द्वारा जनहितमा जारी सन्देश

१. होटल तथा घरहरुमा खाना बनाई सकेपछी राम्ररी आगो तथा ग्यास निभाउ ।
२. चुरोट सल्काई जथा भावि नफालौं ।
३. ग्यास चुलोको काम सकी सके पछी रेगुरेटर जहिले पनि बन्द गरौं ।
४. जथा भावि आगो नबालौं ।
५. आगो बालिसके पछी राम्ररी निभाउ।
६. पसल वा कोठा वन्द गर्दा जहिले पनि स्विच बन्द गरौं ।
७. पेट्रोलियम पदार्थ, तथा ग्यास सिलेन्डरको वरी परी आगो नबालौं ।
८. मछर धूप जथाभावि नवालौं सुरक्षित तरिकाले बालौ।
९. सलाई र लाईटर बच्चाहरुको पहुंच बाट टाढा राखौं ।
१०. आगो लागेको वेला लिफ्टको प्रयोग नगरी सिढी प्रयोग गरौं।

रामबाबु साह
प्रमुख प्रशासकीय अधिकृत

## देवाही गोनाही नगरपालिका द्वारा जनहितमा जारी सन्देश

१. हावाहुरीबाट बच्न घरको संरचना बलियो बनाऔं ।
२. हावाहुरी चल्न थालेपछि झ्याल ढोका बन्द गरौ ।
३. छतका गमला सुरक्षित रुपमा राखौ ।
४. जस्तापाता लगायतका वस्तुहरु खुला नछाडौ ।
५. सवारी साधनमा रहदा हावाहुरी चलेमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौ ।
६. हावाहुरीबाट हुने क्षति कम गर्न पुर्व तयारी एवं सतर्कता अपनाऔ ।

प्रेमलाल साह कानु
नगर प्रमुख